नेपाल सरकार
राष्ट्रिय सूचना आयोग
२०६५

८६

# राष्ट्रिय सूचना आयोगको
## आदेश

मु.नं. ४०/२०७१/०७२

काठमाडौं जिल्ला का.म.न.पा.-३४ बानेश्वर बस्ने श्याम राज मल्ल ..............................१ निवेदक

विरूद्ध

काठमाडौं जिल्ला आयुक्त, काठमाडौं उपत्यका विकास प्राधिकरण, अनामनगर, काठमाडौं ........१ विपक्षी
सूचना अधिकारी, काठमाडौं उपत्यका विकास प्राधिकरण, अनामनगर, काठमाडौं ..................१

विषय :- कानून बमोजिम सजाय गरी कागजात उपलब्ध गराई पाउँ ।

काठमाडौं जिल्ला का.म.न.पा.-३४ बानेश्वर बस्ने श्याम राज मल्लले काठमाडौं उपत्यका विकास प्राधिकरण, अनामनगर, काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०७।२३ मा निवेदन गरेको र यस आयोगबाट मिति २०७१।०९।०४ को आदेश बमोजिम काठमाडौं उपत्यका विकास प्राधिकरण, अनामनगर, काठमाडौंको मिति २०७१।०९।२०, च.नं. ७११, प.सं.०७१/०७२ को पत्र मार्फत निवेदकको माग अनुसारको सूचना निवेदकलाई उपलब्ध गराईएको बोधार्थ पत्र यस आयोगमा प्राप्त हुन आएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्ने । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| यशोदा देवी तिम्सिना | किरण कुमार पोखरेल | कृष्णहरि बास्कोटा |
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७१ साल माघ २२ गते रोज ५ शुभम् ।